ANNIVERSARY

# सहुलियत कर्जाको गफ : बैंकलाई किसानको आइनुवास्तै छैन

आदर्श समाज सम्वाददाता
चैत्र १३, २०७७



पोखरा । वर्षौंसम्म विदेशमा पसिना बगाएर फर्किएका रुपाका भानुभक्त दाहाल गाउँमै गाई पाल्न कस्सिएका छन् । गोठ बनाउँदै छन् । घाँसको चाँजोपाँजो मिलाइरहेका छन् । तर गाई पाल्न चाहिने जति पैसा उनीसँग छैन । आफ्नो जायजेथाको लालपुर्जा लिएर पोखराका बैंकजति चाहारे । गाउँको सम्पत्तिको मूल्य बैंकले बुझेन । ‘काम गर्न आतुर छु । आर्थिक समस्या छ । लालपुर्जा लिएर बैंक गएँ । धेरैपटक जाने आउने मात्रै भयो,’ उनले भने, ‘सरकारले सहुलियतमा ऋण दिने भाषण गर्छ । बैंकले आइनुवास्तै गर्दैनन् । केही गरौं भनेको निराश बनाएर फर्काए ।’ १० वर्षअघि देखि उनी गाई पालन गर्ने योजनामा छन् । बैंकको कागजी झन्झटले पनि काम गर्ने जाँगर हराउने उनको अनुभव छ ।

दाहालजस्ता १ सय भन्दा बढी किसानले नेपाल लाइभस्टक सेन्टर इनोभेसन आयोजना (एनएलएसआइपी) बाट काम गर्ने योजना बनाए । १० वटा समूहले आवेदन दिए । आयोजनाको पहिलो शर्त नै कम्तीमा ३० प्रतिशत ऋण बैंकबाट लिनुपर्ने भयो । गाउँको जग्गा र घर बैंकले धितो राख्न मानेन । त्यसमाथि मूल्यांकन निकै थोरै मात्रै गर्ने । आवेदन दिएकामध्ये ९ वटा समूहलाई आयोजनाले सहयोग गर्ने भयो, तर ऋण लिने बाटो भएन ।

किसानका यही पीडालाई बुझेर रुपा गाउँपालिकाले कम धितोमा सहुलियत ऋण लिने बाटो खोलिदिएको छ । पोखराको ग्रीन डेभलपमेन्ट बैंकसँग पालिकाले बिना धितो र कम धितोमा ऋण प्रवाह गर्ने समझदारी गरेको हो । २ करोड १० लाखसम्म ऋण प्रवाह गर्नका लागि बैंकले किसानसँग धितो माग्न पाउने छैन । त्यसको धितो पालिकाले बुझाइसकेको छ । त्यसबाहेक १० करोडसम्म थप लगानी बैंकले गर्नुपर्ने छ । उद्यमशीलता र उत्पादनशील क्षेत्रमा लगानी गर्ने लक्ष्यका साथ बैंकले कृषिलाई जोड दिएको बैंकका प्रमुख कार्यकारी अधिकृत उमेशकुमार आचार्यले बताए । ‘ग्रामीण क्षेत्रमा बैंकको पहुँच पुगेको छैन । बिस्तारै सुरु भएको छ,’ उनले भने, ‘हामी स्थानीय र उद्यमीसँग जोडिएर काम गर्छौं । दिएको पैसाले काम [illegible] ।’

नेपाल सरकारले २०७५ देखि सहुलियत कर्जा सुरु गरेको हो । किसानको पहुँच कमजोर हुँदा र कागजी झन्झटले त्यसको सुविधा भने लिन पाएका थिएनन् । यो कर्जाको ब्याजदरमध्ये महिलालाई ६ र पुरुषलाई ५ प्रतिशत सरकारले तिरिदिन्छ । हालसम्म १ खर्ब सहुलियत कर्जा लगानी भैसकेको तथ्यांक छ । त्यसमध्ये ७६ अर्ब कृषि र पशुपालनमा मात्रै छ । 'कोरोनाले अर्थतन्त्र डामाडोल बनाएको छ । केही सकारात्मक योगदान पनि गरेको छ,' उनले भने, 'कृषि र पशुपालनमा युवा आकर्षित भएका छन् । विदेश जाने संस्कार घटेको छ ।' बैंकले गरेको लगानीको अनुगमन भने सरकारी संयन्त्रले गर्ने छ ।

> कास्कीको रुपा गाउँपालिका र ग्रीन डेभलपमेन्ट बैंकबीच किसानलाई सहुलियत कर्जा दिने सम्झौता भएको छ

पालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले गाउँघरको परम्परागत सीपलाई आर्जनमा जोड्न लागेको बताए । 'काम त्यही हो । अब व्यावसायिक हुनुपर्यो । उत्पादन बजारसम्म पुर्‍याउनुपर्यो । कृषिसँगै उद्यम गर्नुपर्छ,' भन्छन्, 'युवालाई बढी जोड दिएका छौं । बैंकको प्रक्रिया पुर्‍याएर ऋण लिन साह्रै गाह्रो भो । पालिकाले ...ीकरण गर्दा बढी सुविधा मिल्ने छ ।' गाउँपालिकाले कृषिको फसल ढुवानीका लागि कृषि एम्बुलेन्स सञ्चालन ... छ । ठाउँठाउँमा चिस्यान केन्द्र बनाएको छ । उनका अनुसार पालिकाको सम्झौता अनुसार रुपाका ...ानले बढीमा ५ प्रतिशत ब्याजदरमा ऋण पाउने छन् ।

...निक उत्पादन बढाउन र किसानलाई पैसाको मालिक बनाउन सहुलियत कर्जाको सम्झौता गरिएको पालिकाका अध्यक्ष नवराज ओझाले बताए । ...ब किसानले कागजपत्र बोकेर बैंक जानु पर्दैन । घरमै बैंक आउँछ, सस्तोमा लोन दिन्छ,' उनले भने, 'किसानले खुरुखुरु उत्पादनमा ध्यान दिने हो । बजारीकरणको चिन्ता छैन । पालिकाले जिम्मा लिन्छ ।' किसानको अनुहारमा खुसी देखिने गरी परिवर्तन हुने उनले सुनाए । 'अहिले बैंकबाट ऋण लिने मान्छे औंलाले गन्न सकिन्छ । बैंक जाँदा गाउँलेलाई घुमाको घुमाई गर्छ । लगानी डुब्छ भन्ने डर हो कि बैंक नै आउन नमान्ने,' उनी भन्छन्, 'कसैले त २६ प्रतिशत ब्याज तिर्न बाध्य छन् । किसानमाथि ठूलो शोषण छ । यो सम्झौताले सबै हट्छ ।'

रुपाले यो वर्षलाई कृषि वर्षको रुपमा मनाइरहेको छ । डेढ करोडभन्दा बढी कृषिमा लगानी गरिएको गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङले जानकारी दिइन् । अनुदानको सट्टा सस्तोमा ऋण दिए किसान खुसी हुने उनको भनाइ छ । 'अनुदान भनेको छ, तर कति जनालाई दिने ? बरु कर्जा ठिक भनेर सहुलियत ऋणको सम्झौता गर्‍यौं,' उनले भनिन्, 'गाउँमा बस्छौं । बाटो आयो, चितवनको चामल ल्याएर खानु परेको छ । कर्साको वारि बाँझो छ । कसमेकम परिवार चलाउन यहीँको उत्पादनले पुगोस न ।' ग्रिन डेभलपमेन्ट बैंकका अध्यक्ष गणेशकुमार श्रेष्ठले ग्राहकको मन जित्ने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

Facebook Twitter More

## सम्बन्धित समाचार

mugling-pokhara-road_8bZ2IKuVmJ

### मुग्लिङ–पोखरा सडक ठूलो बनाउन दोस्रो प्याकेजमा ७ अर्बको ठेक्का

आदर्श समाज सम्वाददाता चैत्र १२, २०७७

काठमाडौं । पृथ्वी राजमार्गअन्तर्गतको मुग्लिङ–आबुखैरेनी–पोखरा सडकखण्डको स्तरोन्नतिको दोस्रो प्याकेजको ठेक्का चिनियाँ कम्पनी अनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ...

निर्देशन

cdo kaski

आदर्श समाज सम्वाददाता चैत्र १२, २०७७

पोखरा । कास्की लगायत मुलुकभर कोभिड संक्रमण बढेपछि कास्की प्रशासनले जिल्लाभित्र अत्यावश्यक बाहेकका भेला तथा जमघट नगर्न निर्देशन गरेको छ...

## मनाङ र मुस्ताङमा इटालीका स्याउ

ple

आदर्श समाज सम्वाददाता चैत्र १२, २०७७

पोखरा । मुस्ताङे स्याउको अन्तर्राष्ट्रिय बजार छ । मार्फा, टुकुचे, जोमसोम, लगायत क्षेत्रमा उत्पादित स्याउ सिधै अन्तर्राष्ट्रिय बजारमा बिक्री हुन्छ...

## वालिङ नगरपालिका सहरी योजनामा सर्वोत्कृष्ट

aling 3

आदर्श समाज सम्वाददाता चैत्र ११, २०७७

वालिङ । स्याङ्जाको वालिङ नगरपालिका सर्वोत्कृष्ट नगर घोषित भएको छ । वालिङ नगरपालिका सहरी योजना, वातावरण, विपद जोखिम व्यवस्थापन र उत्थानशीलतामा...

## प्रदेश लोक सेवा आयोग पदाधिकारीले लिए सपथ

lok sewa sapath bishnu nepal

आदर्श समाज सम्वाददाता चैत्र ११, २०७७

पोखरा । गण्डकी प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगका पदाधिकारीले बुधबार सपथ लिएका छन् । प्रदेश प्रमुख अमिक शेरचनको उपस्थितिमा उच्च...

## मुख्य समाचार

### सडक विस्तार आयोजनामा चिनियाँ ज्यादति

रामकुमार श्रेष्ठ चैत्र १३, २०७७

prakash photo

सहुलियत कर्जाको गफ : बैंकलाई किसानको आइनुवास्तै छैन
चैत्र १३, २०७७

Budget and gandaki province

आगामी बजेट राहत प्याकेजमा केन्द्रित गर्न पोखरा उवा संघको सुझाव
चैत्र १२, २०७७

Corona-deaths-1200

डढेलो निभाउन गएका वृद्धको मृत्यु
चैत्र १२, २०७७

bhagirathi2

भागरथी हत्या प्रकरणः अभियुक्तको डिएनए ‘म्याच’
चैत्र १२, २०७७

accident

दासढुङ्गामा ट्रक र कार जुध्दा २ को मृत्यु, ३ घाइते




## भर्खरै

सबै



सडक विस्तार आयोजनामा चिनियाँ ज्यादति

चैत्र १३, २०७७



सहुलियत कर्जाको गफ : बैंकलाई किसानको आइनुवास्तै छैन

चैत्र १३, २०७७



पोखराका पर्यटनकर्मीलाई डिजिटल मार्केटिङ तालिम

चैत्र १२, २०७७




आगामी बजेट राहत प्याकेजमा केन्द्रित गर्न पोखरा उवा संघको सुझाव

चैत्र १२, २०७७



मुग्लिङ–पोखरा सडक ठूलो बनाउन दोस्रो प्याकेजमा ७ अर्बको ठेक्का


चैत्र १२, २०७७


चैत्र १२, २०७७


बेपत्ता झा दम्पतीको कङ्काल भेटियो
चैत्र १२, २०७७


डढेलो निभाउन गएका वृद्धको मृत्यु
चैत्र १२, २०७७

## मनाङ


अलमलमा एयरपोर्ट
चैत्र ८, २०७७


कास्कीमा अत्यावश्यक बाहेकका भेला तथा जमघट नगर्न निर्देशन
चैत्र १२, २०७७


फेरि कोरोना संक्रमण जोखिम
चैत्र ९, २०७७

accident 1
मनाङ ट्रक दुर्घटना अपडेट: ५ जनाको मृत्यु ३ घाइते
चैत्र ७, २०७७

gagan thapa
कास्की २ मा उपचुनाव गराउन कांग्रेस नेता गगन थापाको माग
चैत्र ६, २०७७

mugling-pokhara-road_8bZ2IKuVmJ
मुग्लिङ–पोखरा सडक ठूलो बनाउन दोस्रो प्याकेजमा ७ अर्बको ठेक्का
चैत्र १२, २०७७

Thado Bhaka Aama
'ठाडो भाका' जोगाउन जुटे तन्नेरी
चैत्र ९, २०७७

bishnu prasad nepal
गण्डकी प्रदेश लोकसेवा आयोग अध्यक्षमा विष्णुप्रसाद नेपाल
चैत्र ६, २०७७

## अङ्ग्रेजीमा समाचार

Show All

Afghan death-2-2-1-1-1 bhagirathi2-1 (1)

Education Ministry for avoiding crowds at schools

quarantine-4925798_960_720-1-Copy

Kaski admin instruction: No to gatherings except the

downloaded

COVID-19: 120 new cases, 85 recoveries, no deaths

mountain-984083_960_720

'Passport to Pokhara' offer mooted to attract

handcuffs-2202224_960_720

Teacher arrested for indecent behaviour with

सम्पर्क

आदर्श चोक, भक्ति मार्ग, न्यूरोड, पोखरा – ८, कास्की

+९७७ ६१-५३१२००, ६१-५२१४८४
adrsamaj@gmail.com

सञ्चालक : अमृत बास्तोला
सम्पादक : भरत कोइराला
सूचना विभाग दर्ता नं. : २२५७/०७७/०७८

समाचार

- गण्डकी
- देश र समाज
- पोखरा
- राजनीति
- शिक्षा
- खेलकुद

विशेष

- विचार / लेख
- सम्पादकीय
- अन्तरवार्ता
- कला / साहित्य

उपयोगी

- विज्ञापन – अनलाइन
- विज्ञापन – पत्रिका
- वार्षिक ग्राहक
- सल्लाह सुझाव

© **eAdarsha.com**
Website by Sanil.com.np

Advertisement Rate    Suggestions    Terms of Service    Privacy Policy